फोन नं. ४२००२९८
फ्याक्स नं ४२००३३६

नेपाल सरकार
# सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय
(नगरपालिका योजना तथा व्यवस्थापन शाखा ख)

प.सं. २०७२/७३
च.नं. ५-२-११६८

मिति: २०७२/१०/२६

**विषय : जनसहभागितामा आधारित सौर्य सडक बत्ती कार्यक्रम सञ्चालन सम्बन्धमा ।**

**श्री महा/उपमहा/नगरपालिका कार्यालयहरु,**
**सबै**

नेपाल सरकार (मन्त्री परिषद् )को मिति २०७२/१०/८ को बैठकबाट **जनसहभागितामा आधारित सौर्य सडक बत्ती कार्यक्रम सञ्चालन कार्यविधि, २०७२** स्वीकृत भएको छ । उक्त कार्यविधि मन्त्रालयको www.mofald.gov.np मा राखी सकिएको छ ।

सो कार्यविधिमा व्यवस्था भए बमोजिम नगरपालिका क्षेत्र भित्रका उपभोक्ता समितिहरु, नागरिक सचेतना केन्द्र, टोल विकास संस्था र सार्वजनिक निकायले तोकिएको लागत सहभागितामा सौर्य सडक बत्ती कार्यक्रम संचालनका लागि संलग्न फारामहरुको ढाँचा बमोजिम फाल्गुण १ गतेदेखि फाल्गुण मसान्तसम्मको अवधि भित्र प्रस्ताव माग गरी चैत्र ७ गते भित्र आयोजना लगानी विवरण फाराम र सम्भाव्यता अध्ययन फाराम सहित यस मन्त्रालयको **नगरपालिका योजना तथा व्यवस्था शाखा ख** मा आइपुग्ने गरी पठाउनु हुन र सार्वजनिक निजी साझेदारी मार्फत सौर्य सडक बत्ती कार्यक्रम संचालन सम्बन्धमा कार्यविधिको दफा ८ मा उल्लेखित प्रक्रिया पूरा गरी प्रतिस्पर्धाका माध्यमबाट नगरपालिकालाई अधिकतम रोयल्टी र विज्ञापन कर प्राप्त गर्ने तथा नगरपालिकालाई कुनै थप आर्थिक दायित्व नपर्ने गरी कार्यान्वयन गर्नु गराउनुहुन अनुरोध गरिन्छ । साथै ड्रइङ, डिजाइन, स्पेशिफिकेशन, लागत अनुमान तयार गर्ने लगायतका अन्य प्राविधिक पक्षमा बैकल्पिक उर्जा प्रवर्द्धन केन्द्रबाट प्राविधिक सहयोग उपलब्ध हुने व्यहोरा समेत अनुरोध गरिन्छ ।

**फारामहरुको ढाँचाको विवरण**

१. उपभोक्ता समितिले आयोजना माग गर्ने र सम्झौता गर्ने ढाँचा
२. नागरिक सचेतना केन्द्रले आयोजना माग गर्ने र सम्झौता गर्ने ढाँचा
३. टोल विकास संस्थाले आयोजना माग गर्ने र सम्झौता गर्ने ढाँचा
४. सार्वजनिक निकायले आयोजना माग गर्ने र सम्झौता गर्ने ढाँचा
५. आयोजना लगानी विवरण (PFM) को ढाँचा
६. सम्भाव्यता अध्ययन फारामको ढाँचा
७. प्रगति प्रतिवेदन फारामको ढाँचा

**बोधार्थ तथा कार्यार्थ**

श्री बैकल्पिक उर्जा प्रवर्द्धन केन्द्र, ललितपुर
श्री जिल्ला विकास समितिको कार्यालयहरु सबै

चिरञ्जिबी तिम्सिना
उप सचिव